Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# समकालीन भारतेली नेपाली साहित्य :
## गति र प्रवृत्ति

सम्पादक
रुद्र बराल

असम नेपाली साहित्य सभा

Scanned with CamScanner

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

**Samakalin Bharateli Nepali Sahitya : Gati ra Pravritti**: A collection of seminar papers presented in National Level Seminar held at Tezpur and edited by Rudra Baral and published by Madan Thapa on behalf of Asam Nepali Sahitya Sabha.

Price: 350/-

# समकालीन
# भारतेली नेपाली साहित्य : गति र प्रवृत्ति

ISBN : 978-93-88593-29-8

**प्रकाशक :**
असम नेपाली साहित्य सभा

**सम्पादक :**
रुद्र बराल
मो. 91014-28374, 8876820210

**सम्पादन सहयोगी :**
डिल्लीराम खनाल
खड्गबहादुर कौशिक
ढाकाराम काफ्ले

**प्रथम प्रकाश :**
फेब्रुएरी, २०१९

**आवरण :**
सञ्जीव बरा

मोल : रु. ३५०/-(संस्थागत रु. ४५०/-)

**Purbayon Publication**
Satmile, Near Gauhati University
Guwahati, Assam, India
Email-purbayonindia21@gmail.com
Website : www.purbayonpublication.com
Contact No. +91- 9864422157

Scanned with CamScanner

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# विषयसूची

**समकालीन भारतेली नेपाली कविताका प्रवृत्ति /११**

✍कबीर बस्नेत

**पूर्वोत्तर भारतका समकालीन नेपाली कविताका प्रवृत्तिहरू /३२**

✍डा. इन्दु प्रभा देवी

**समकालीन भारतीय नेपाली गीत गजलका प्रवृत्तिहरू /५२**

✍सरिता समदर्शी

**समकालीन भारतेली नेपाली कथाका प्रवृत्ति /६५**

✍डा.राजकुमार छेत्री

**असमेली नेपाली कथा : एक सर्वेक्षण /७९**

✍डा. शान्ति थापा

**भारतेली नेपाली उपन्यासका प्रमुख प्रवृत्ति र धाराहरू : सर्वेक्षणात्मक अध्ययन /९३**

✍दीपक तिवारी

**पूर्वोत्तर भारतका नेपाली उपन्यासका प्रवृत्ति /११०**

✍डा. टेकनारायण उपाध्याय

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

भारतीय नेपाली नाटकका समकालीन प्रवृत्तिहरू /१२७
✍ योगेश खाती
भारतेली नेपाली एकाङ्कीका समकालीन प्रवृत्ति /१४८
✍ पूर्णकुमार शर्मा
भारतीय नेपाली निबन्धका समकालीन प्रवृत्ति /१५८
(सन्दर्भ दार्जिलिङ, सिक्किम र डुवर्स)
✍ वासुदेव पुलामी
पूर्वोत्तर भारतको नेपाली निबन्धका समकालीन प्रवृत्ति /१७३
✍ डा० खेमराज नेपाल
भारतेली नेपाली नियात्रा : समकालीन प्रवृत्ति विश्लेषण /१९३
✍ डा. गोमा देवी शर्मा
भारतमा नेपाली समालोचना : समसामयिक अध्ययन /२०४
✍ नवीन पौड्याल
समकालीन भारतेली नेपाली अनुवाद साहित्य /२२६
✍ ज्ञानबहादुर छेत्री
भारतेली नेपाली बालसाहित्यमा समकालीन प्रवृत्तिहरू /२३४
✍ मुक्तिप्रसाद उपाध्याय
समकालीन भारतेली नेपाली पत्रकारिता /२५२
✍ रूपेश शर्मा
भारतमा नेपाली भाषा साहित्यको विकासार्थ-थप पहल /२६७
✍ डा. खगेन शर्मा

Scanned with CamScanner

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# भारतीय नेपाली निबन्धको समकालीन प्रवृत्ति

(सन्दर्भ दार्जिलिङ, सिक्किम र डुवर्स)

✍ वासुदेव पुलामी

प्रा.कालिपद घोष तराई महाविद्यालय, बागडोगरा।

१.पृष्ठभूमि :

भारतमा नेपाली जाति, भाषा र समाजको जागरणसँगै नेपाली कला-साहित्यको प्रारम्भ भएको इतिहास पाइन्छ। भारतमा नेपालीहरू दार्जिलिङ, सिक्किम, डुवर्स, पूर्वाञ्चल क्षेत्रका असम, मणिपुर, मेघालय, मिजोरम, अरुणाचलदेखि देहरादून,म्यानमारसम्मै छरिएर बसेका छन्। सुरुमा अङ्ग्रेज उपनिवेशकहरूले दार्जिलिङलाई चियाखेतीको मुख्य केन्द्र बनाएको देखिन्छ। दार्जिलिङमा चियाखेतीसँगै चियापत्ती टिपा गाइने गीत, ढ्वाङ्ग तान्दा गाइने गीत, बाटो बनाउँदा गाइने गीत, वन-वस्ती बसाल्दा गाइने गीतहरूबाट समाज-सांस्कृतिक जातीयता निर्माण भएको देखिन्छ। भारतमा स्वतन्त्रपूर्वकालमै गोर्खे खबर कागत्(सन् १९०१) पादरी गङ्गाप्रसाद प्रधानको सम्पादनमा दार्जिलिङबाट प्रकाशित भएको थियो। यो पत्रिकाको प्रकाशन इसाई धर्म प्रचारको उद्देश्यबाट

Scanned with CamScanner

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



प्रेरित भएर गरे तापनि यसमा प्राप्त गद्यलेखनले सामान्य व्यवहारिक र वस्तुगत स्वरूपबाट कलात्मक तथा व्यञ्जनात्मक रूपतर्फ विकास गर्दैगएको देखिन्छ।

प्रथम विश्वयुद्ध टुङ्गिएपछि भारतमा स्वतन्त्रता प्राप्तिका निम्ति महात्मा गान्धीको नेतृत्वमा सञ्चालित जुन जनसङ्ग्राम प्रचण्ड हुँदै थियो त्यसले भारतमा नै जन्मी हुर्केका नेपालीहरू प्रभावित बनेका थिए( घनश्याम कँडेल, वि.स.२०५५,नेपाली समालोचना,साझा प्रकाशन,पृ.७६)।स्वतन्त्रताको सङ्ग्रामसितै नेपाली समाजमा जागरणको शङ्खघोष गर्न एकातिर देहरादूनबाट ठाकुर चन्दनसिंह, नाहनकी विद्यावती, असमका छविलाल उपाध्याय, मणिसिंह गुरूङ, महानन्द सापकोटा आदि, बनारसतिर जन्मी हुर्केका सूर्यविक्रम ज्ञवाली, देवीप्रसाद सापकोटा, धरणीधर कोइराला अनि दार्जिलिङ-खरसाङबाट पारसमणि प्रधान, मणिनारायण प्रधान, प्रतिमान लामाजस्ता साहित्यिक सामाजिक व्यक्तिहरू अघि आइरहेका थिए। भारतीय नेपालीहरूमा बिस्तारै राष्ट्रियतावोध, आधुनिक शिक्षाप्रति झुकाउ, यान्त्रिक सभ्यताको विकासप्रति सचेतता, औद्योगिक उन्नतितर्फ चासो बढ्न थालेको थियो( विद्यापति दाहाल,सन् २०१४,भारतीय नेपाली साहित्यको इतिहास,सी.आइ.आइ.एल., मैसुर,पृ.११९)। भारतीय शिक्षित नेपाली समाज जागृत भई उठेपछि सामाजिक कुरीति, रूढिगत संस्कार, अन्धविश्वासजस्ता सामाजिक व्यवस्थामा व्यापक परिवर्तन आएको देखिन्छ।

## २. भारतेली नेपाली निबन्धको स्वरूप :

भारतको खरसाङबाट पारसमणि प्रधानको सम्पादनमा प्रकाशित हुने चन्द्रिका (सन् १९१७)मा बङ्किमचन्द्रको एउटा निबन्ध नेपालीमा अनूदित गरी 'जुनकिरी' शीर्षकमा प्रकाशित गरेका थिए। यसको अनुवाद पत्रिका सम्पादक आफैले 'मनुष्य खद्योत' उपनाममा प्रकाशित गरेका थिए( घनश्याम नेपाल,सन् २००३, निबन्ध नन्दन,जनपक्ष,सिक्किम,पृ.२५)। यसै क्रममा चन्द्रिकामा मीनबहादुर भट्टको गन्थन्, मणिनारायण प्रधानको बैरिष्टर स्त्रोत्र पञ्चदर्शक, सूर्यविक्रम ज्ञवालीको कार्य गर्ने समय भो, दान, प्रभाकरको सम्झौटो आदिबाट निबन्धात्मक गद्य अघिबढेको देख्न पाइन्छ। नेपाली निबन्धको आधुनिक स्वरूप ग्रहणतर्फ विकास गर्न सूर्यविक्रम ज्ञवालीको जन्मभूमि( सन् १९२२), देहरादूनबाट ठाकुर चन्दनसिंहको गोर्खा संसार( सन् १९२६)मा हैकमसिंह राईको गोर्खा समाजको सुधार भन्ने निबन्ध प्रकाशित भएको थाहा पाइन्छ। यसप्रकार चन्द्रिकादेखि जन्मभूमि हुँदै तरूण गोर्खा( सन् १९२८), कालेबुङबाट आदर्श (सन् १९३०),

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



दार्जिलिङबाट नेपाली साहित्य सम्मेलन (सन् १९३२), राजभक्ति (सन् १९२५), गोर्खा सेवक, परिवर्तन, खोजी, गोर्खामित्र, ग्रामसुधा, नेबुला, सर्वहितैषी जस्ता पत्र-पत्रिकाहरूका प्रकाशनले भारतेली नेपाली निबन्ध एवम् गद्य साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ। गद्य लेखनलाई अझ अघिबढाएको देखिन्छ। यसप्रकार चारैतिरबाट नेपाली साहित्यिक पत्र-पत्रिकाको प्रकाशन र लेखनले गति समातेपछि नेपाली निबन्ध साहित्यले आफ्नो स्वरूप निर्माण गरेर आधुनिकताको प्रारम्भिक कालमा प्रवेश गरेको देखिन्छ।

## ३. भारतीय नेपाली निबन्धको संक्षिप्त विकासक्रम र समकालीन प्रवृत्ति :

नेपाली साहित्यमा निबन्ध विधा आधुनिक साहित्यको एउटा मुख्य विधा भएर उदाएको देखिन्छ। लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' निबन्ध शारदा( सन् १९३४)मा प्रकाशित भएपछि नेपाली निबन्ध लेखनमा नयाँ मोड आएको देखिन्छ। यस क्रममा नेपालतिरबाट बालकृष्ण सम, हृदयचन्द्र सिंह प्रधान, माधवलाल कर्माचार्य, श्यामप्रसाद, कमल दीक्षित, केशवराज पिँडाली, ताना सर्मा, भैरव अर्याल, शङ्कर लामिछाने, कुमारबहादुर जोशी, नगेन्द्र शर्मा, भवानी घिमिरे, आनन्ददेव भट्ट, उत्तम कुमार प्रभृत्ति निबन्धकारहरू देखापरेका थिए भने भारतबाट रूपनारायण सिंह, अच्छा राई रसिक, पारसमणि प्रधान, रामकृष्ण शर्मा, इन्द्रबहादुर राई, लक्खीदेवी सुन्दास, जगत छेत्री, कुमार प्रधान, राजनारायण प्रधान, तिलक राई, कृष्णप्रसाद ज्ञवाली, दिलबहादुर नेवार, लीलबहादुर क्षत्री, डिल्लिराम तिम्सिना, रामलाल अधिकारी, सानुभाइ शर्मा, शान्ति छेत्री आदि प्रभृत्ति निबन्धकार देखापरेका थिए।

पछिल्ला कालमा आएर भारतका सिक्किम, दार्जिलिङ र डुवर्स क्षेत्रबाट निबन्ध लेखनमा छुटपुट रूपमा भए तापनि निबन्ध लेख्ने काम भएको देखिन्छ। सिक्किमतिरबाट सानुभाइ शर्मा, घनश्याम नेपाल, तुलसीराम शर्मा 'कश्यप', सानु लामा, गीता शर्मा, राधाकृष्ण शर्मा, पूर्ण राई, शिव प्रधान, राज.के.श्रेष्ठ, रुद्र पौड्याल, केदार गुरूङ उपमान बस्नेत, प्रद्युम्न श्रेष्ठ, गोपाल गाउँले, उदयचन्द्र वशिष्ट, देवकुमार दुमी, विजय बान्तवा, भीम दाहाल, प्रवीण राई जुमेली, राम अपतन, सुवास दिपक, वत्स गोपाल आदि देखिन्छन्। दार्जिलिङ क्षेत्रबाट जस योन्जन प्यासी, मोहन ठकुरी, कृष्ण प्रधान, परसात राई अम्बटे, सुदर्शन अम्बटे, गोपीचन्द्र प्रधान, सचेन्द्र दुमी, भीम सन्तोष, राजु प्रधान हिमांशु, सीताराम काफ्ले, मुन्नु गौतम आदि सक्रिय देखिन्छन्। डुवर्स क्षेत्रबाट बद्रीनारायण प्रधान,

Scanned with CamScanner

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



मणिकुमार थापा, सी.बी. प्रधान, कितापसिंह राई, एस.एन.छेत्री, बिर्ख खड्का डुवर्सेली,

कृष्णभक्त खड्का, विष्णु शर्मा अधिकारी, नेत्र तुफान, भानुप्रकाश मार्मिक, सागर राई, गोपाल विश्व, कमल थुलुङ जगदीश थापा, अजय खड्का आदि साहित्यकारहरू देखापरेका छन्।

भारतीय नेपाली निबन्धको प्रारम्भिक चरणमा विविध विषयमाथि स्वतन्त्ररूपमा निबन्धहरू लेखिएका छन्। नेपाली साहित्य सम्मेलन पत्रिकामा सुधारवादी दृष्टिकोण भएका निबन्धहरू धरणीधर शर्माको साहित्य कुसुमाञ्जली र सकसक, रूपनारायण सिंहको जातीय जीवनमा साहित्यको स्थान, हामी औ हाम्रा भाषा, सूर्यविक्रम ज्ञवालीको रसमय नेपाली जीवन र स्मृतिमा, पारसमणि प्रधानको मदौरू, आमाको जोखाना, खड्गबहादुर सिंहको नेपाली भाषाप्रति कर्तव्य  क्रमिकरूपले प्रकाशित भएको थाहा पाइन्छ।

रूपनारायण सिंहका गद्य रचनाहरू साहित्य सम्मेलन(सन् १९३२), पत्रिकाबाहेक खोजी(सन् १९४१), भारती(सन् १९४९) जस्ता पत्रिकामा प्रकाशित भएका छन्। उक्त पत्रिकाहरूका सम्पादन, स्तम्भलेखन र सम्पादकीय लेखन आदिमा पनि उनका निबन्ध उच्च कोटीका छन्।

अच्छा राई रसिकको सप्तकोशी(सन् १९५५)मा सातवटा गद्य रचनाहरू सङ्कलित छन्। जसमा वसुदैव कुटुम्बकम, भुँडी, लोभी बाहुन र मपाइँ चारवटा हाँस्य व्यङ्ग्य निबन्धहरू हुन्। उनले विभिन्न गतिविधि र सामाजिक तथा साहित्यिक क्रियाकलापसँग सम्बन्ध राख्ने विषयलाई वस्तुपरक रूपमा प्रस्तुत गरेका छन्। राईको भाषाशैली व्यङ्ग्यप्रधान छ। राईको निबन्ध लेखनको रचनात्मक पक्ष प्रबल छ। सामाजिक विकृतिप्रति धारिलो व्यङ्ग्य कस्न पछिपरेका छैनन्।

रामकृष्ण शर्माका अङ्ग्रेजी साहित्यको प्रभाव र टाक्सिएको नेपाली कविता खुबै तार्किक, रोचक र विचारपरक निबन्धहरू हुन्। उनका प्यारो सपना र अन्य लेखहरू(सन् १९६०), सप्तशारदीय(सन् १९६७), दश गोर्खा(सन् १९६९), अष्टाबक्र(सन् १९७९), टेबल गफ नौ बैठक (सन् १९७१), एक बिसाउनी(सन् १९८२), र्‍यान्डम विचार(सन् १९८२), तथास्तु(सन् १९९०)आदि निबन्ध सङ्कलन प्रकाशित भएको देखिन्छ।

लैनसिंह वाङ्देल नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन्। उनले सन् १९५२

Scanned with CamScanner

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



तिर भारती र प्रगति जस्ता पत्रिकामा फुटकर निबन्ध लेखेर साहित्यिक यात्रा प्रारम्भ गरेको थाहा पाइन्छ। पछि गएर उनका यात्रा निबन्धका रूपमा युरोपको चिठी(सन् १९५७), स्पेनको सम्झना(सन् १९९३) , रोमको एउटा फुल र प्यारिसको एउटा काँडा(सन् २०००), मुलुकबाहिर र म प्रकाशित गरे। आख्यानात्मकता र संवाद, मनोरम शैली, अनुभूतिको आवेगले उनका निबन्धहरू रोचक बनेका हुन्छन्। यात्रा निबन्ध प्रस्तुतिको यो शैलीले वाङ्देललाई यो फाँटको महत्त्वपूर्ण लेखक सावित गरेको छ। यात्रा निबन्धमा उनको चित्रकार र साहित्यकार दुवै व्यक्तित्वको समन्वित प्रतिविम्ब पाउन सकिन्छ। यात्रा निबन्ध पढ्दा कता कता उनका ल्यान्डस्काप कलाकृति नै हेरिरहेको अनुभूतिले पाठकलाई समात्छ। उनको भाषा सरल, सहज र स्वाभाविक लाग्छ।

इन्द्रबहादुर राई निबन्धकारका रूपमा नै अघि नआए तापनि फुटकर निबन्धहरू थुप्रै लेखेका छन्। उनका तपाइँको नाम(हाम्रो कथा, सन् १९५०), आधुनिक शिक्षक (भारती २/१), के सुख सम्भव छ ?(भारती २/८), हल्ला नगर(दीयो, १९६३), मेरो जन्म (साहित्य सङ्गम, १/६), पहाड र खोला( सन् १९९३), लेखहरू झ्यालहरू, लेख सङ्ग्रह (२०००) प्रकाशित छन्।

रामलाल अधिकारी भारतबाट नेपाली निबन्ध विधालाई निरन्तर रूपमा अघिबडाउने निबन्धकार हुन्। भोकाएको कुकुर के भन्छ ? नामक निबन्ध सङ्ग्रह विद्यार्थी जीवनकालमा नै प्रकाशित गर्ने अधिकारीको मूल रचनाको क्षेत्र पनि निबन्ध नै हो। उनका भोकाएको कुकुर के भन्छ? (सन् १९६२), रविसप्तमी(सन् १९७३), अलौटा र ठेटना(सन् १९७६), निसंस्मरण(सन् १९९५), विदित-अविदित(सन् १९९८)आदि निबन्ध सङ्ग्रह हुन्। कुनै एउटा विषय टिपेपछि स्वत:स्फूर्त रूपमा विषयको अन्तरकुन्तरमा पसेर जीवन, जगत र समाजबारे पाठकसित गफ्फिनु अधिकारीको निबन्ध लेखनको विशेषता मान्न सकिन्छ।

राजनारायण प्रधानका दार्जिलिङडायरी(सन् १९८३),केही अनुहार, केही झलक(सन् १९९५), एउटै धर्ती एउटै आकास(सन् १९९६), पन्चैबाजा बजाउँदै(सन् १९९७), एउटा आइताबार यसरी बित्यो (सन् २००४) आदि प्रकाशित छन्। सरल, सहज र सम्प्रेष्य भाषाको प्रयोग त्यसमा पनि दार्जिलिङे जनबोली उनका निबन्धका विशेषता नै हुन्। आख्यानात्मक शैलीका माध्यम र स्वत:स्फूर्त भाषाले विषयलाई रङ्गाएर पाठकलाई लट्ठ पार्न सक्ने क्षमता उनका

Scanned with CamScanner

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



निबन्धहरूमा पाइन्छ। साठीको दसकदेखि लगातार निबन्ध लेखेर नेपाली निबन्ध साहित्यलाई दिगो राखे भारतीय नेपाली निबन्धकारहरूमध्ये उनी एकजना हुन् भन्न सकिन्छ।

इन्द्र सुन्दासका निबन्ध खोजी, प्रभात, भारती, युगवाणी र दियालो पत्रिकामा लगातार रूपमा प्रकाशित भएका छन्। तिनै निबन्धहरूका सङ्कलनका रूपमा साहित्यपथ(सन् १९७६) र साहित्यधारा(सन् १९९९) प्रकाशित भएको पाइन्छ। उनका निबन्धको भाषा सरल, सहज र बोधगम्य रहेको पाइन्छ।

भाइचन्द प्रधानका निबन्धहरू विचारप्रधान रहेको पाइन्छ। उनले नेपाली जीवनमा रामायणको प्रभाव, भानुभक्तको छन्द चुनाइ, पुराना कविहरू र छन्दोबद्ध कविता, साहित्यकार एक अर्कालाई अँगालौँ, आह्वान जस्ता आलोचनात्मक निबन्धहरू लेखेका छन्( राजेन्द्र सुवेदी,वि,सं २०४९,स्रष्टा-सृष्टि : द्रष्टा दृष्टि, साझा प्रकाशन,काठमाडौं,पृ.२००) । उनका आदिकवि भानुभक्त आचार्य र केही निबन्धहरू( सन् २००२)नामक पुस्तक प्रकाशित पाइछ। निबन्धहरूमा आलोचनात्मक, विश्लेषणात्मक र तुलनात्मकताको सम्मिश्रण पाइन्छ।

जी छिरिङका निबन्ध सुरुमा खोजी(सन् १९४०)पत्रिकामा प्रकाशित हुन्थे। छिरिङका व्यक्तित्वको निर्माणमा आमाको भूमिका, नेपाली भाषामा कविगुरु भानुभक्त आचार्य, युवाशक्ति, परिपाटीका संगमस्थल, इन्दिरा गान्धी, नेपाली भाषा नयाँ पुराना, सम्झना आदि फुटकर निबन्धहरू प्रकाशित छन्।

शरद छेत्रीका निबन्ध निराजन(सन् २००४), हिँडाइहरू आलापहरू(सन् २००९) प्रकाशित पाइन्छ। उनका निबन्धहरू अधिकांश वस्तुपरक छन्। उनले विचारप्रधान निबन्धहरू लेखेका छन्।

मोहन ठकुरी मूलत कवि हुन्। तर अविस्मृत क्षणहरू(सन् २००६) उनका प्रकाशित संस्मरणात्म निबन्धगत लेखहरूका सङ्कलन हुन्। उनका निबन्ध निजात्मक कोटीका छन्। निजात्मक भएका कारण उनका निबन्धमा निबन्धकार स्वयम्ले आफूवरिपरिका परिवेशसँगसँगै निबन्धमा उठाएको विषयवस्तुको राम्रा वर्णन गरेका हुन्छन्।

सानु लामाको आँगन परतिर(सन् २००१) आत्मापरक एउटा भ्रमण वृतान्त हो। आफ्ना जागीर कालमा सरकारीरूपमा कार्यरत हुँदा विविध ठाउँहरू पुगेका लामाले ती प्रत्येक ठाउँका मानिस, तिनीहरूका रहनसहन, त्यहाँका मानिसहरूका

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



व्यवहार, भाषा, साहित्य र संस्कृति जस्ता विषयहरूलाई भ्रमण संस्मरणात्मक प्रबन्धका रूपमा लेखेका छन्।

कितापसिंह राईको आँखी झ्यालबाट (१९९७)मा बाह्रवटा लामा छोटा निबन्धात्मक लेखहरू समाविष्ट छन्। यसमा पनि पुस्तकमाथि प्रतिबन्ध, बाबु र स्व. डा. पारसमणि प्रधानसँग केही क्षण जस्ता रचनाहरूबाहेक नौवटा रचनाहरू डुवर्स भूमिमा बसोबास गर्ने नेपाली समाजबारे लेखिएका वर्णनात्मक र तथ्यपरक लेखहरू परेका छन्। उनले डुवर्समा युगौँदेखि बसोबास गरेका नेपालीहरूका हर्ष, अमर्ष, साहित्य-संस्कृति, सङ्घ-संस्थान आदिजस्ता विषयहरूमाथि अनुसन्धानमूलक निबन्धहरू लेखेर एउटा दस्तावेज नै तयार पारेका छन्।

बद्रीनारायण प्रधानका केही सम्झनाहरू(सन् २००७) र च्याखुङडायरी(सन् २०१०)भित्र जम्मा २४ वटा निबन्धहरू सङ्कलित छन्। निबन्धकारले सामाजिकरूपमा भोगेका यथार्थ घटनाहरूलाई संवेदनशील अनुभूतिहरूद्वारा नैसर्गिक अनुभव पोखेका छन्। बद्रीनारायण प्रधानले आफ्ना निबन्धमा डुवर्सका नेपाली जनसमाजले भोग्नुपरेका यथार्थ अनुभूतिहरू धारावाहिक आत्मजीवनीपरकरूपमा लेखेका छन्। डुवर्सेली जनजीवन र विगतका घटनावलीलाई आत्मसंस्मरणात्मक शैलीमा सम्झनामा रहेका लेखैं पर्ने समाजका विभिन्न पाटाहरूलाई छोएर लेखेका छन्।

सलोन कार्थकका समुन्द्रवारि समुन्द्रपारी(सन् १९७७), पदयात्रा गाउँको फन्को विदेशको(सन् २०००),विश्व एउटा पल्लो गाउँ(सन् २०१३) आदि प्रकाशित छन्। मूलत: भ्रमण वृतान्तका माध्यममा आत्मपरक शैलीमा यात्रासित समृद्ध सूचनाप्रद कुरा र देश-विदेशका विशेषताबारे जानकारी गराउँदै पाठकलाई पनि यात्रामा सहभागी गराउन सक्ने क्षमता निबन्धकारमा पाइन्छ।

मिङ लिवाङको ज्यान्टलमेन(सन् १९९४)दार्जिलिङ हाँस्य प्रकाशनबाट प्रकाशित भएको निबन्ध सङ्ग्रह हो। यसमा मूलत हाँस्य एवम् व्यङ्ग्यात्मक कोटीका निबन्धहरू परेका छन्। उनका छोराको भविष्य, पहाडवासीको चिन्ता, ज्यान्टलमेन, बलिराजको हुकुम, अनिकाल, राम नाम सत्य जस्ता निबन्धहरू सङ्कलित छन्।

शान्ती छेत्रीको अरब सागरको सूर्यास्त(सन् १९८६)मा राष्ट्रिय-जातीय भावले ओतप्रोत भएका निबन्धहरू सङ्कलित छन्। मोतीबीर राईको भावना

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai Mahavidyalaya
Bagdogra

साहुँबा(सन् १९८८), आरती शर्माका स्वप्न ब्योज(सन् १९९३), अनीता भिट(सन् १९९८) र नेता पुराण(सन् १९९६), दिलीप पाण्डे शेर्पाका हास्य-व्यङ्ग्य रचनाहरू(सन् १९९४), रविदास राईकृत रविका निबन्धहरू, रम कान्ता गुरुङका कुहिरोभित्र लालतारा(सन् १९९३), एक सांसदको आयगोभित्र आशा मान्ताको दौड(सन् १९९२), हाम्रो बासभूमि चियाबारीमा मजदुर (सन् १९९१), जेठा आफ्नै सम्झना आत्मीयहरूका(सन् २००२), हर्कबहादुर छेत्रीको उहिले नै पराया देशमा(सन् १९९६), जगत छेत्रीको निबन्ध जगत(सन् १९९३), गङ्गा कमानको विचार कतिपय (सन् २००७) आदि क्रमिकरूपमा प्रकाशित देखिन्छ।

कृष्ण प्रधानका आइमाईको रिस(सन् १९९२), डरको हाउगुजी(सन् २००९), चारो(सन् २००२) आदि प्रकाशित छन्। उनका निबन्धहरूमा हाँस्य र व्यङ्ग्यको मिश्रण पाइन्छ। समाज र राजनीतिमा नेता भनौदाहरू जो अघिल्ला पङ्क्तिमा नेतृत्व दिन सधैँ तत्पर हुन खोज्छन् तर बिच बाटैमा अलमल्ल पर्छन् त्यस्ता नेतृत्वहरूले जाति नै डुबाएका छन् भन्ने निबन्धकारको कटाक्ष व्यङ्ग्य धेरै ठाउँ दोहोरिएको पाइन्छ।

बिन्थ्या सुब्बालाई मूलत कथाकार, उपन्यासकार, कविबाहेक निबन्धकारका रूपमा पनि चिन्न सकिन्छ। उनका तिम्रा अक्षरहरूका आयाम (सन् २००७), अरब सागरका किनारमा(सन् २००८), मेरो आकाशमा(सन् २०११)प्रकाशित छन्। उनका निबन्धहरू आत्मापरक र वस्तुपरक दुवै कोटीका छन्। उनका निबन्धहरू व्यक्तिचित्र र यात्रा संस्मरणात्मक कोटीका छन्। यसमा विशेषत: साहित्यिक भेटवार्ता, कलासम्बन्धी, आफ्ना वैयक्तिक जीवनसम्बन्धी अनुभूतिहरू निबन्धका रूपमा समेटेको भेटिन्छन्।

एम.बी प्रधानको मनका लहर र रहरहरू(सन् २०११)मा भ्रमण वृतान्त एवम् यात्रासम्बन्धी निबन्धहरू परेका छन्। जसले सन् २०१४ को साहित्य अकादमी पुरस्कार पनि प्राप्त गरेका थिए। यस सङ्ग्रहभित्र जम्मा ३१ वटा निबन्धहरू परेका छन्। वर्णनात्मक शैलीको अवलम्बन गरेर लेखिएका प्रधानका निबन्धहरू आत्मापरक पनि छन्।

समालोचकका रूपमा परिचित अर्जुन प्रधानका थुप्रै कृतिहरू प्रकाशित छन्। उनले आफ्ना स्वतन्त्र लेखनलाई लेख भनेर प्रकाशित गरे तापनि ती पुस्तकहरू निबन्धकोटीका छन्। उनका एप्रिल लिली(सन् १९९९), अनिँदो पहर(सन्

Scanned with CamScanner

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

२००१), जुनेली पाखा(सन् २००२), स्नेहराग(सन् २००५), जीवनका केही पृष्ठ केही परिच्छेद(सन् २०११)प्रकाशित छन्। उनका निबन्धहरू सामाजिक, सांस्कृतिक र ऐतिहासिक सन्दर्भका पाइन्छन्। उनका निबन्धहरू दार्जीलिङको गल्ली सेरोफेरोमा बाँधिएका छन्। उनले अधिकांश निबन्धमा समाजका सकारात्मक पक्षको वर्णनात्मकरूपमा टिप्पणी गरेको भेटिन्छ।

एम. पथिकको अतीतसित वर्तमानसित(सन् २००६)मा जम्मा १२ वटा लामा-छोटा निबन्धहरू परेका छन्। उनका निबन्धहरू संस्मरणात्मक, प्रबन्धात्मक कोटीका छन्। प्रस्तुतिका आधारमा वस्तुपरक निबन्धहरू धेर छन्।

बिमल राई, कवि, लेखक, पत्रकार हुन्। उनका लेखहरू विविन्न पत्र-पत्रिकाहरूमा प्रकाशित पाइन्छ। उनका फुटेका बाक्केहरू(फिचर राइटिङ्स), प्रकाशित छन्। उनले मूलत दार्जिलिङीय सामाजिक, राजनैतिक आर्थिक विसङ्गतीहरूलाई खुबै कटाक्ष ढङ्गमा प्रहार गरेका छन्। उनका अधिकांश निबन्धहरू विचारोत्तेजक, तीक्ष्ण व्यङ्ग्यले भरिएका हुन्छन्।

प्रवीण राई जुमेलीको 'आफ्नै मनका परदेशहरू' आलोचनात्मक निबन्धहरूको सङ्कलन हो। यसमा उनले साहित्यसम्बन्धी लेखहरूमा आफ्ना आलोचनात्मक दृष्टि राखेका छन्। यसका साथै आफ्ना स्थानिक क्षेत्रविशेष सिक्किमको जुम अनि त्यहाँ उनले बिताएको समय, सङ्घर्ष, सांस्कृतिक कार्य, सामाजिक व्यवस्था जस्ता कुराहरूलाई निजात्मकरूपमा रोचक ढङ्गले प्रस्तुत गरेका छन्। उनका निबन्धहरू अधिकांश आलोचनात्मक र विचारप्रधान रहेको पाइन्छ।

हीरा छेत्रीको छुल्याहाका गन्थन्(सन् २००६) एउटा हाँस्य व्यङ्ग्य निबन्धको सङ्ग्रह हो। यसको दोस्रो संस्करण सन् २०१० मा प्रकाशित भएको पाइन्छ। यसमा निबन्धकार छेत्रीले जम्मा १३ वटा निबन्धहरू सङ्कलन गरेका छन्। जसमा सामाजिक, राजनीतिक, सांस्कृतिकरूपमा देखिएका असङ्गत, बेमेल स्थितिहरूप्रति कटाक्ष व्यङ्ग्य कसेका छन्।

बीरू वाङ्देलको सोझो बाङ्गो हस्ताक्षर(सन् १९९६) एउटा हाँस्यभन्दा धेर व्यङ्ग्य रहेको निबन्ध सङ्ग्रह हो। छोटा छरिता मसिना निबन्धहरूद्वारा तीक्ष्ण व्यङ्ग्य गर्न खप्पिस देखिन्छन् बीरू वाङ्देल। समाजमा बढ्दै गइरहेको खोक्रो आडम्बरयुक्त सामाजिक परिवेशप्रति उनले कटाक्ष व्यङ्ग्य कसेका छन्।

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



राजु प्रधान हिमांशुले चिन्तन विचिन्तन( सन् २०१३ )मा छोटा छरिता र मझौला गरी २१ वटा निबन्ध, लेख र संस्मरणहरू लेखेका छन्। विविध समयका सामयिक विषयहरूलाई समेटेर लेखिएका उनका निबन्धगत संस्मरणहरू रोचक, वर्णनात्मक र ठाउँठाउँमा विचारात्मक पनि देखिन्छन्।

अजय खडकाको पखेटा चलुञ्जेल( सन् २०१५) डुवर्सबाट प्रकाशित निबन्ध सङ्ग्रह हो। यसभित्र जम्मा लामा-छोटा २१ वटा निबन्धहरू सङ्कलित छन्। निबन्धकार खडकाले यसभित्रका निबन्धमा आत्माचरितात्मक, विचारोत्तेजक र वस्तुतथ्यपरक निबन्धहरू लेखेका छन्। आफू वरपरको समाज, चियाबारी, डुवर्सेली जनजीवनले भिजेका समाज, आर्थिक व्यवस्थाले पिरोलिएका कथा, समाजका विसङ्गत पाटाहरूलाई सुक्ष्मतासित हेर्न सकेका छन्। सङग्रहको नाम पखेटा चलुञ्जेल प्रतीकात्मक रूपमा समाजप्रति ठुलो व्यङ्ग्य छ।

यसप्रकार भारतीय नेपाली निबन्धको विकासक्रमलाई हेरिँदा अन्य विधाको तुलनामा निबन्ध उति धेरै लेखिएको पाइँदैन। भारतका दार्जिलिङ सिक्किम र डुवर्स क्षेत्रबाट छुटपुट रूपमा भए पनि निबन्ध, लेख, संस्मरण, नियात्रा, आत्मावृतान्त हुँदै निबन्ध लेखनलाई थेगेर राखेको देखिन्छ। यिनै आधारमा भारतीय नेपाली निबन्धको समकालीन प्रवृत्तिले निम्न बुँदाहरू समेटेका छन् -

## १. ऐतिहासिक सन्दर्भमूलक निबन्धः

ऐतिहासिक सन्दर्भमूलक निबन्ध लेख्ने निबन्धकारहरूमा पादरी गङ्गाप्रसाद प्रधान, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, इन्द्रबहादुर राई, महानन्द पौड्याल, कुमार प्रधान, भाइचन्द प्रधान, गुप्त प्रधान आदि मुख्य देखिन्छन् । पादरी गङ्गाप्रसाद प्रधान लेख्छन् – 'सन् १८७० ई जून १० तरीखमा मेकफार्लेन पाद्री साहेबले यो स्कोच मिशन स्कूल गयाजी बाटो यहां दार्जीलींगमा ल्याये। अनि पाद्री साहेब कमान, गाउँ, घर हुँदो केटाहरू खोजि हिन्नु लाग्ये पढ़ाउनलाई। यो कुरा सुन्दा मलाई परनुलाई मलाई साह्रै रहर लाग्यो। तर सानि आमाले परपरै बात टिपि हल्ला मचाउंनु लागिन क्ये खायेर परने हो, कस्को कमाइ खायेर परने हो यसलाई ककसले पालछ र यो इस्कूल परछ भन्दै अं गाउँलेहरूका बीच बीचमा पनि कराइ हिन्नु लागिन्।' – स्कूल जीवन, गङ्गाप्रसाद( सन् १८५३-१९३२) ।

## २. सांस्कृतिक सचेतता एवम् जातीय एवम् राष्ट्रिय स्वत्वबोध :

रूपनारायण सिंह, जी छिरिङ इन्द्रबहादुर राई, शिवकुमार राई, खड्ग बहादुर

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

छेत्री, मानसिंह अधिकारी आदि मुख्यरूपमा देखापरेका छन्।

'आजकलका मानिस देखीनमा आचछन, आफमाई बडा विद्वान छु भनी गर्व गरदछन, परन्तु उन्का आचरण भ्रष्ट देखाईदिन्छ, सो जो यो आपगुण प्राप्त हुने धीन, यसकारण हामीहरूलाई कन्या पढाउनको परिश्रम गरनपरदछ, म सबै मनुष्यहरूलाई विनयपूर्वकले भनदछु, कि यदि हाम्रा माता पिता नहुँदा हुन् ता, क्या हामीहरू संसारमा देखीनमा आने थीय्याँ...... '(स्त्रीजाति, मानसिंह अधिकारी)

'आजकल हाम्रो गोर्खा जातिले जत्तिको दुसह कष्टभोग गरिरहेका छन् त्यो अवर्णनीय छ। हामी जतातत‍ै छरपट्ट छिन्नियेका छौँ। जतातत‍ै हाम्रो अपमान, अपयश औ हीनावस्था मात्र देखिन्छ। ... '(हाम्रो देश औ जातिको वर्तमान अवस्था, खड्गबहादुर छेत्री )

## ३. लोक सांस्कृतिक सन्दर्भका :

लोक सांस्कृतिक संसाधनमार्फत् जाति, जातीय संस्कृति र सामाजिक महत्त्वबारे निबन्ध लेख्नेहरूमा लैनसिंह वाङ्देल, शिवकुमार राई, एम.एम.गुरूङ बाबुलाल प्रधान, रामलाल अधिकारी, शान्ती छेत्री, श्यामदास राई, हर्कमान राई आदि हुन्।

'यो बात सबै गोरखाली सज्जनलाई मालुम होला, कि हामी गोरखाजातिको जीवनसङ्ग्राम दिनदिनै कति भङ्कर हुँदै जाँदो छ, जुन गोरखा जाति कुनै दिनमा दुनयाँको सबै जातिभन्दा श्रेष्ठ थियो, जुन गोरखाजातिको नाम सुन्दा तमाम हिन्दुस्थानको मानिस डरले थरथर कामदथ्यो, ...आजको समयको फेरले गरदा, तिनै स्वजाति औ स्वधर्म प्रेमी बीर जातिचारै दिशाबाट दुर्दशाको सपना देखिरहेका छन् ।'(गोरखा समाजसुधारको आवश्यकता, हैकमसिंह राई, सन् १९२९)

'खुकुरी गोर्खालीहरूको जातीय र धार्मिक हतियार हो। जाग्रत रहँदा यसलाई साथै लिई हिँड्ने र सुत्दा सिह्रानीमुनि राख्ने गोर्खालीको थिति बसेको छ। यो धार्मिक हतियारलाई दशैंमा (नवरात्री) र अरू बेला पुज्ने चलन छ। '(जातीय हतियार, रामलाल अधिकारी)

## ३. हाँस्य एवम् व्यङ्ग्यात्मक :

सामाजिक विसङ्गति, विकृतिप्रति र विरोधाभासप्रति हाँस्यमार्फत् कटाक्षरूपमा व्यङ्ग्य प्रहार गर्ने निबन्धकारहरूमा अच्छा राई रसिक, रामलाल अधिकाकरी,

Scanned with CamScanner

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



राजनारायण प्रधान, सानुभाइ शर्मा,कृष्ण प्रधान, सुदर्शन अम्बटे, हिरा छेत्री, बीरू बाङ्देल आदि पर्दछन्।

'भानिलिनुहोस् एकजना सेठजीको भुँडीमा घिउ र गुलियो मात्र पाइन्छ त एउटा अङ्ग्रेजको भुँडीमा उसिनेको झारपात पाइनेछ, कुनै बङ्गाली भुँडीमा माछाको यमराज पाउनु आश्चार्यको कुरो नभए तपाइँ( गोर्खाली हुँ भन्ने कसम खान सक्नुहुन्छ भने) आफ्नो भुँडीमा रातो बगडा पाउनुहुनेछ..टाढाको के कुरा, गोर्खालीहरूमा पनि कुनै भुँडी हेर्नुहोस् ढाडिएको चिउरा पाउनुहुनेछ -तात्पर्य के भने भुँडी अन्तराष्ट्रिय भए पनि यसका भित्र हजारौँ भिन्नता पाइन्छन्।' (भुँडी,अच्छा राई रसिक)

'कुखाको अन्डाभित्र पनि पसिसक्यो पोल्टिक्स। उप्रान्त के भन्नु। उठ्दा-बस्दा, खाँदा हिँड्दा, सपमा पोल्टिक्स। ईष्टमित्र, साथी सङ्गी, संघ-संस्थान, समाज समिति सपमा पोल्टिक्स। रासिन पानी, नोकरी चाकरी, जोरीपारी सपमा पोल्टिक्स।'( पृथिवी कस्तो छ, सुदर्शन अम्बटे)

## ५. भाषा-साहित्य सम्बन्धी :

भाषा साहित्यसम्बन्धी निबन्ध लेख्ने निबन्धकारहरूमा पारसमणि प्रधान, सूर्यकला थापा, शिवराज शर्मा, गुमानसिंह चामलिङ् रामकृष्ण शर्मा, डिल्लीराम तिम्सिना, लक्खीदेवी सुन्दास, राजनारायण प्रधान आदि मुख्य देखिन्छन्।

'मेरो मातृभाषा नेपाली होइन, भनी एकाध पढे-लेखेका नेपालीहरूले भनिरहेका छन् भन्दैछन् औ भन्लान्। भन्नेको मुख थुन्न सकिन्न। तो, यसको र नेपाली भाषा के हो, कसको मातृभाषा हो, यसको कुनबेला कस्तो रूप थियो, अहिले कस्तो छ औ भविश्यमा कस्तो होला भन्ने कुराको गम्भीर अध्यनन गर्ने बेला आएको छ। नबुझ्नेहरूलाई बुझाउने काम साहित्यिक-महारथीहरूको हो। यसी बुझाउँनका निम्ति पहिले आफैले राम्ररी बुझ्ने काम पनि साहित्य-महारथीहरूको हो।' (नेपाली हाम्रो भाषा , पारसमणि प्रधान, सन् १८९८-१९८६)

## ६. आलोचनात्मक निबन्ध :

विचारप्रधान र खोजपूर्ण विवेचनासहित बौद्धिकतामा खलबली ल्याउने किसिमका आलोचनात्मक निबन्ध लेख्नेहरूमा रामकृष्ण शर्मा, इन्द्रबहादुर राई,

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



भाइचन्द प्रधान, महानन्द पौड्याल, बद्रीनारायण प्रधान आदि हुन्। पछिल्ला कालमा आएर प्रवीण राई जुमेली आदि सक्रिय देखिन्छन्। रामकृष्ण शर्मा लेख्छन् – 'साहित्यिक रूचिले पाठकको बौद्धिक विकासको परिचय दिन्छ। तसर्थ जुन मानिसले मलाई फलानो पुस्तक भन्दा फलानो काव्य असल लाग्छ भन्छ त्यसले अरूहरूको मुखेञी आफ्नो बुद्धिको पहुँच जाहेर गर्छ मलाई ह्यामलेट भन्दा रोमियो एन्ड जुलिएट मनपर्छ। मुकुन्द इन्दिरा भन्दा काशीवास असल लाग्छ भन्नु नै अर्कालाई आफ्नो आन्तरिक परिचय दिनु हो।' (साहित्यिक रूचिको प्रौढता, रामकृष्ण शर्मा)।

## ७. आत्मचरित्रमूलक विषयक :

आत्मचरित्रमूलक निबन्धमा मूलतः ज्ञान, सीप, अनुभव, अनुभूति, तर्क, विश्लेषण, र संस्मरणात्मक आत्मपरक, कवितात्मक शैलीमा विषयको व्यापकता पाइन्छ। यस्ता निबन्ध लेख्ने निबन्धकारहरूमा रामलाल अधिकारी, राजनारायण प्रधान, मोहन ठकुरी आदि मुख्य देखिन्छन्।

'काली म मरे भने मलाई पनि यसरी नै लैजान्छन्। बाहुनले तुँ....गरेर संख फुक्छन्। मान्छेहरूले हरियो बाँसमा मेरो लाश बोक्छन्। मलामीहरू धेरै हुन्छन्। दार्जीलिङले मलाई साह्रो माया पो गर्छ त, काली। तँलाई थाहा छ कि छैन....। हेर्न म मरेको दिनमा कति धेरै मानिसहरू आउँछन्। ...' (कालीकेटी, एउटा आइताबार यसरी बित्यो, राजनारायण प्रधान)

## ८. समाज-सांस्कृतिक सन्दर्भमूलक :

समाज, सामाजिकता र समाज-अर्थनीतिबारे विचारप्रधान निबन्ध लेख्ने निबन्धकारहरूमा रत्न बान्तवा, बद्रीनारायण प्रधान, टीका भाइ, अजय खड्का, रूपेश शर्मा आदि सक्रिय देखिन्छन्।

'शासक श्रेणीले आफ्नो निजी भाषा तैयारी गर्दछ अनि यो जनतामा लाद्ने चेष्टा गर्दछ। यसका अरू पनि उदाहरणहरू छन्। अनि जुन मणिषीहरूले जनताको भाषा अपनाए ती सामयिक रूपले शासक गोष्ठीको सामुन्ने बदनाम भए तर जनसाधरणमा तिनीहरूको ख्याति र जनप्रियता अमर भए।' (श्रेणीयुक्त समाज र भाषा, बद्रीनारायण प्रधान)

'आफू जन्मे-हुर्केको र आफूले अघोर माया गरेको भूमिलाई नर्कसमान

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



भनु कति कष्टकर हुन्छ। त्यो भुक्तभोगी मनलाई मात्र थाहा हुन्छ। ....हो म जुवर्सभूमिलाई अन्तरहृदयबाट स्वर्ग मान्छु, मानिरहनेछु, चाहे जस्तै कहालीलाग्दो परिस्थितिले नराम्रो घतले बोक्नुपरे पनि।...तर पाठकलाई जब जुवर्स चिनाउने र त्यसतर्फ घोत्लिन आग्रह गर्नु पर्ने जस्ता अनिवार्य स्थिति दायित्वको रूपमा ठिङ्ग उभिदिन्छ, त्यतिबेला ढाँटेर स्वर्गसमान चियाकमान, लेख्नुजस्तो अपराध कार्य कुनै हुँदैन। यस स्थितिमा यथार्थ उद्घाटन गर्न नर्कसमान शब्द नै बढी उपयोगी बन्न पुग्दछ।'(नर्कसमान चियाकमान, पखेटा चलुन्जेल, अजय खड्का)

## ९. यात्रा संस्मरणात्मक :

निबन्ध विधाकै एक अत्यन्त मनोरम र लोकप्रिय प्रस्तुतिका रूपमा रहेका यात्रानिबन्धको महत्त्व आज आएर अझ बढ्दै गएको देखिन्छ। हुन ता यात्रा साहित्यलाई छुट्टै अध्ययन गर्न सकिन्छ भन्ने मान्यता दयाराम श्रेष्ठ अनि मोहनराज शर्माको रहेको पाइन्छ। भारतीय नेपाली साहित्यमा यात्रा संस्मरणात्मक निबन्ध लेख्ने निबन्धकारहरूमा लैनसिंह वाङ्देल, कुमार घिसिङ सलोन कार्थक, बिन्ध्या सुब्बा, रामलाल अधिकारी, एम.बी. प्रधान, मोहन ठकुरी आदि देखिन्छन्।

'पेरिसमा आउनु तर आइफील टावर घुम्न नपाउनु, नस्कनु नजानु जस्तो खल्लो विषय प्रत्येक भ्रमणकारीको लागि अरू के नै हुन सक्ला ? एकसय बीस वर्ष उमेरको यो विश्व प्रसिद्ध धरहरा हालमा सर्वाधिक पर्यटकहरूले भ्रमण गर्ने एउटा कीर्ति स्तम्भ कायम भएको जानकारीमा आउँछ।' (विश्व एउटा पल्लो गाउँ, सलोन कार्थक)

## १०. व्यक्तिचित्र, जीवनीपरक निबन्ध :

निबन्ध लेखनमा व्यक्तिचित्र एवम् जीवनीपरक लेखन पनि धेरै लेखिएका छन्। यसमा चर्चित, प्रसिद्ध कवि, कलाकार, खेलाडी, नामी नेता, अभिनेता तथा सामाजिक व्यक्तित्वको हुबहु चित्रण गरेर पाठकलाई समातिराख्छन् निबन्धकारहरू। भारतबाट व्यक्तिचित्र एवम् जीवनीपरक निबन्ध लेख्नेहरूमा भाइचन्द्र प्रधान, राजनारायण प्रधान, रामलाल अधिकारी, बिन्ध्या सुब्बा, मोहन ठकुरी आदि सक्रिय देखिन्छन्।

'ऐश्वर्यमयी पारिजातको व्यक्तित्वमा एक बेग्लै प्रकारको सौन्दर्य, एक गम्भीरपन र प्रभावकारिता देख्न पाइन्थ्यो। गोरी, गम्भीर हुँदाहुँदै पनि उज्यालो, उन्नत ललाट, मंगोलियन गोलाकार अनुहारमा मुन्द्रीबिनाको चमकदार दुई आँखाहरू,

Scanned with CamScanner

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra



न पातली, न मोटी। ठिकैको डालिली। उनी यति राम्री थिइन् कि डा. महेश मास्केले सौन्दर्यमयी जापानी महिला भनेका छन्।' (पारिजातको व्यक्तित्व, तिम्रा अक्षरहरूको आयाम, विन्द्या सुब्बा)

निष्कर्ष :

समग्रमा भन्दा भारतीय नेपाली निबन्धको आरम्भ पत्रपत्रिकाको प्रकाशनसँगसँगै भएको देखिन्छ। पछिल्ला कालमा आएर प्रत्येक कवि, लेखक, उपन्यासकार, कथाकार आदिले पनि यस विधामा कलम चलाउन सुरू गरेको देखिन्छ। वास्तवमा निबन्ध लेखनमा निबन्धकारलाई चाहिने ठुलो माध्यम नै भाषा हुँदछ। कुनै पनि भाषाको राम्रो ज्ञान नभए निबन्ध लेख्नै सकिँदैन। तसर्थ भाषा अति महत्त्वपूर्ण विषय हो निबन्धमा। जसका माध्यमद्वारा निबन्धकारले आफ्ना कुरा(गफ) विश्वासका साथ पाठकलाई तानिराख्न सकियोस्। यसो गर्न सकिएको खण्डमा मात्रै निबन्धकारले एउटा सफल निबन्ध लेख्न सक्तछ। भारतीय नेपाली निबन्धको पृष्ठभूमि, विकास, परम्परा र समकालीन प्रवृत्ति, स्वरूप र संरचना आदिलाई हेरिँदा पछिल्ला कालमा आएर यही भाषा प्रयोग, प्रयुक्ति भेद र प्रयत्नप्रतिको असचेतताका कारण निबन्ध विधा नफस्टाएको एउटा कारण हुन सक्छ। निबन्ध एउटा यस्तो विधा हो जसमा भाषाको पूर्ण शक्तिको विकास सबैभन्दा बढी सम्भव हुन्छ। यहीँनेर आएर भारतीय नेपाली निबन्ध लेखन चुकेको देखिन्छ। यसमा अघिल्ला चरणका निबन्धकारहरू पारसमणि प्रधान, रामकृष्ण शर्मा, राजनारायण प्रधान, रामलाल अधिकारी, सानुभाइ शर्मा आदि भाषा लेखनप्रति सचेत रहेको देखिन्छ। निबन्धमा प्रयोग गरेका भाषालाई दृष्टान्तका रूपमा अघि राख्न सकिन्छ। पछिल्ला चरणतिर आइपुग्दा भारतीय नेपाली निबन्ध लेखन छुटपुटरूपमा भएको देखिन्छ। तर ती सबैमा निबन्धभन्दा धेर, संस्मरण, स्मृतिग्रन्थ, व्यक्तिचित्र जस्ता वस्तुपरक लेखन अधिक भएको देखिन्छ।

Scanned with CamScanner